# संवत् २०७९ साल वैशाख १३ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः- भारतको नयाँ दिल्लीमा आयोजना हुने The Raisina Dialogue, २०२२ मा राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई सहभागी हुन स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः- खानेपानी क्षेत्रको सुशासन र पूर्वाधार सहयोग आयोजनाको लागि विश्व बैंकबाट ८० मिलियन अमेरिकी डलर (करिब रु. ९ अर्ब ६० करोड) सहुलियतपूर्ण ऋण सहायतासम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः- गहुँको न्यूनतम समर्थन मूल्य रू ३१६५।- प्रति क्विन्टल निर्धारण गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः- कम आवश्यक, विलासीजन्य र स्वास्थ्यमा नकारात्मक असर पार्ने चुरोट तथा सुर्तीजन्य (कच्चा पदार्थ बाहेक) वस्तु लगायतका १० प्रकारका वस्तुको पैठारीमा पूर्ण बन्देज लगाउने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः- बाराको अम्लेखगञ्जदेखि चितवनको लोथरसम्म र भारतको सिलीगुडीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माण, विस्तार एवं भण्डारण गृह सहितको Green Field Terminal निर्माण गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः- तुम्लिङ्गटार-सितलपाटी २२० के.भी. प्रसारण लाइनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः- उदयपुर वितरण केन्द्रको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः- ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीको वंगलादेश भ्रमण स्वीकृत गर्ने।

९. गृह मन्त्रालयः- सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा नायब महानिरिक्षक राजु अर्याललाई बढुवा नियुक्ति गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः- भोटेकोशी गाउँपालिकालाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः- प्रसौनी पोलिटेक्निक इन्ष्टिच्यूट बारालाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१२. रक्षा मन्त्रालयः- नेपाली सेना, सैनिक प्राविधिक सेवाका महासेनानी ईश्वर कुमार श्रेष्ठलाई सहायक रथी पदमा बढुवा गरी पदस्थापन गर्ने।

१३. रक्षा मन्त्रालयः- नेपाली सेनाका प्रमुख सेनानी डील कुमारी कार्कीलाई अवकाशपूर्व महासेनानीमा मानार्थ बढुवा गर्ने।

१४. वन तथा वातावरण मन्त्रालयः- उत्तर दक्षिण मुलघाट दोभान ओलाङचुङगोला सडक निर्माणका लागि ताप्लेजुङ जिल्लाको वन क्षेत्र प्रयोग गर्न दिने।

१५. वन तथा वातावरण मन्त्रालयः- मध्य मोदी जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारणलाइनको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१६. वन तथा वातावरण मन्त्रालयः- वन तथा वातावरण मन्त्रालयका सचिवलाई दक्षिण कोरियाको सिओलमा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

द्रष्टव्यः निर्णय सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह राजपत्रांकित प्रथम श्रेणी पदमा चुडाराज ढकाल समेत २ जनालाई बढुवा नियुक्ति गर्ने।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः- Education World Forum 2022, London मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई मित्रराष्ट्र मलेसिया भ्रमण गर्न स्वीकृति दिने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक पित कुमार श्रेष्ठको राजीनामा स्वीकृत गर्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा मुन्नी कुमारी चौधरीलाई नियुक्त गर्ने।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा होमनाथ पौडेलसमेत ३ जनालाई नियुक्त गर्ने।

२३. सहरी विकास मन्त्रालयः- सहरी विकास मन्त्रालयका सचिवलाई पोल्याण्डको Katowice मा हुने World Urban Forum-11 सम्मेलनमा सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने सम्बन्धमा प्रत्येक आर्थिक बर्षमा सेवा निवृत्त हुने कर्मचारीको अनुमानित सङ्ख्या र बजेट यकिन गरी प्रत्येक आर्थिक बर्षमा बजेट विनियोजन गर्ने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र र सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२६. युवा तथा खेलकुद मन्त्रालयः- फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार विकास समिति (गठन) आदेश, २०७९ स्वीकृत गर्ने।

२७. अर्थ मन्त्रालयः- बीमा समितिलाई नीतिगत निर्देशन दिने सम्बन्धमा बीमा नियमावली, २०४९ बमोजिम बीमा व्यवसायका सम्बन्धमा बीमा समितिले नै आवश्यक निर्देशन दिन सक्ने व्यहोरा अर्थ मन्त्रालयलाई जानकारी गराउने।

२८. हाल परीक्षणको रुपमा संवत् २०७९ जेठ १ गतेदेखि लागू हुने गरी कार्यालय समय बिहान ९.३० बजेदेखि अपराह्न ५.३० बजेसम्म कायम गरी सातामा दुई दिन सार्वजनिक बिदा दिने।

द्रष्टव्यः निर्णय सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

## संवत् २०७९ साल वैशाख १८ गते मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालयः- कोष तथा लेखा नियन्त्रक कार्यालय खोटाङको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, ईरिगेसन उपसमूह, रा.प.प्रथम श्रेणी, सुपरिटेण्डेण्ट इन्जिनियर पदमा गणेश मरासिनीसमेत २ जनालाई बढुवा नियुक्ति गर्ने।

३. खानेपानी मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, रा.प.प्रथम श्रेणी पदमा रत्न प्रसाद लामिछानेलाई नियुक्ति तथा पदस्थापन गर्ने।

४. गृह मन्त्रालयः- स्थानीय तह निर्वाचन, २०७९ का लागि कमाण्ड पोष्ट तथा निर्वाचन सेलमा खटिने कर्मचारीलाई सेवा सुविधा एवं प्रशासनिक खर्च उपलब्ध गराउने।

५. गृह मन्त्रालयः- नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा धिरजप्रताप सिंहलाई बढुवा नियुक्ति गर्ने।

६. गृह मन्त्रालयः- सशस्त्र प्रहरी बल नेपालको महानिरीक्षक पदमा राजु अर्याललाई बढुवा नियुक्ति गर्ने।

७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः- दिवा शिशु स्याहार केन्द्र सञ्चालन गर्न निजामती कर्मचारी श्रीमती संघसँग भएको सम्झौताको म्याद ५ बर्षको लागि थप गर्ने।

८. रक्षा मन्त्रालयः- नेपाली सेनाका महासेनानी आनसिंह विष्टलाई अवकाशपूर्व सहायक रथी पदमा मानार्थ बढुवा गर्ने।

९. रक्षा मन्त्रालयः- नेपाली सेनाका महासेनानी खेम नारायण पौडेललाई अवकाशपूर्व सहायक रथी पदमा विशेष बढुवा गर्ने।

१०. रक्षा मन्त्रालयः- नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक ईन्जिनियरिङ समूह, मर्मत तथा सम्भार उपसमूहका प्रमुख सेनानी दीपक अधिकारीलाई महासेनानी पदमा बढुवा गरी पदस्थापन गर्ने।

११. रक्षा मन्त्रालयः- नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक ईन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका प्रमुख सेनानी विश्वबन्धु पहाडीलाई महासेनानी पदमा बढुवा गरी पदस्थापन गर्ने।

१२. रक्षा मन्त्रालयः- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७९ स्वीकृत गर्ने।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः- औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

द्रष्टव्यः निर्णय सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

## संवत् २०७९ साल वैशाख २५ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालयः- विश्व बैंक समूहबाट डिजिटल नेपाल एक्सलरेशन परियोजनाको लागि १४० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन वार्ता टोली गठन गर्ने र अख्तियारी दिने।

२. अर्थ मन्त्रालयः- उच्च अदालत जनकपुर, अस्थायी इजलास, बिरगञ्ज समेत ४ वटा सरकारी निकायलाई वीरगञ्ज चिनी कारखानाको जग्गा निःशुल्क उपलब्ध गराउने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः- स्विट्जरल्याण्डको जेनेभामा आयोजना हुने विश्व व्यापार संगठनको बाह्रौं मन्त्रीस्तरीय सम्मेलनमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र सचिवलाई सहभागी हुन स्वीकृति दिने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, हाइड्रोपावर समूह, राजपत्राङ्कित प्रथम श्रेणी पदमा सुनिल पौडेललाई बढुवा नियुक्ति गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, एग्रि इरिगेसन समूह, रा.प.प्रथम श्रेणी, सुपरिटेण्डेण्ट इन्जिनियर पदमा प्रदिप बान्तवालाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने।

६. खानेपानी मन्त्रालयः- इण्डोनेशियाको जाकार्तामा आयोजना हुने Sector ministers' meeting मा खानेपानी मन्त्री र सचिवलाई सहभागी हुन स्वीकृति दिने।

७. गृह मन्त्रालयः- स्थानीय तह निर्वाचनका लागि बैशाख ३० गते सार्वजनिक बिदा दिने।

८. गृह मन्त्रालयः- कार्यालय समय हिउँदको समयमा ०९.३० देखि ०४.३० सम्म कायम गर्ने र अस्पताल र स्वास्थ्य चौकीलगायतका कार्यालयहरूलाई अत्यावश्यक सेवा प्रदायक कार्यालयहरू कायम गर्ने।

९. रक्षा मन्त्रालयः- नेपाली सेनाको स्वामित्वमा रहेको हेलिकप्टर र सोसम्बन्धी पार्टपूर्जाहरू प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयलाई हस्तान्तरण गर्ने।

१०. रक्षा मन्त्रालयः- नेपाली सेनाको सैनिक प्राविधिक सेवातर्फका सेनानी बिजय खड्कालाई अवकाशपूर्व प्रमुख सेनानी पदमा मानार्थ बढुवा गर्ने।

११. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीः- थाइल्याण्डको बैङ्ककमा आयोजना हुने 2nd Asia-Pacific Regional Education Minister's Conference मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई सहभागीहुन स्वीकृति दिने।

१२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः- उज्बेकिस्तानको तासकेन्तमा आयोजना हुने International Forum मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः- अष्ट्रेलियाको एडिलेडस्थित International College of Hotel Management को भ्रमण कार्यक्रममा भाग लिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने।

द्रष्टव्यः निर्णय सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः- स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने World Summit on the Information Society (WSIS) Forum 2022 मा भाग लिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१५. सहरी विकास मन्त्रालयः- नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूह, राजपत्रांकित प्रथम श्रेणी पदमा एकराज अधिकारीलाई नियुक्त गर्ने।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः- स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने विश्व स्वास्थ्य संगठन (WHO) को ७५ औं महासभामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री र मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१७. संवत् २०७९ साल जेठ ३ गते मङ्गलबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१८. अर्थ मन्त्रालयः- वैदेशिक रोजगारमा संलग्न व्यक्ति सञ्चित लगानी कोष नियमावली, २०७८ फिर्ता गर्ने।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ स्वीकृत गर्ने।

२०. खानेपानी मन्त्रालयः- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ स्वीकृत गर्ने।

२१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री देवेन्द्र कार्की (सङ्केत नं. १४३०२८) ले सेवा अवधिको कारणबाट मिति २०७९/२/४ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।